# सूची दर्ता गर्ने बारेको सूचना

**(प्रकाशित मिति : २०८१/०४/०२ गते)**

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस वित्तीय संस्थालाई आर्थिक वर्ष २०८१/०८२ को लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित वस्तु तथा सेवाहरु आपूर्ति/प्रवाह गर्ने प्रयोजनको लागि कम्तिमा ३ (तीन) वर्षको कार्यानुभव भएका सम्बन्धित विषयको कारोवार गर्ने स्वीकृति प्राप्त गरेका इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट निम्न कागजातहरु संलग्न गरी सूचना प्रकाशित भएको मितिले **१५ दिन भित्र** सूची दर्ताका लागि **gsd@nmbmicrofinance.com** मा पठाउन हुन वा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा ८, न्यूरोड, कास्कीमा आवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**आवेदन सँग पेश गर्नुपर्ने कागजातहरु :**

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि। २. मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि। ४. अन्य कार्य अनुभव प्रमाणित हुने प्रमाणपत्र।

**आपूर्ति गर्नुपर्ने सामानहरु र उपलब्ध गर्नुपर्ने सेवाहरु :**

**समूह क : कार्यालय उपकरणहरु**

१. कम्प्यूटर, ल्यापटप, ल्यापटप ब्याट्री, टयाव्, सर्भर तथा अन्य डिभाइसहरु।
२. फोटोकपी मेसिन, प्रिन्टर, फ्याक्स, स्क्यानर।
३. चेक राइटर, पावर ब्याकअप (ब्याट्री इन्भर्टर, सोलार) सम्बन्धी उपकरणहरु।
४. इलेक्ट्रिक, इलेक्ट्रोनिक्स तथा हार्डवयेर सम्बन्धी अन्य उपकरणहरु।

**समूह ख : फर्निचर तथा अन्य सेवाहरु**

१. काठ तथा मेटलका फर्निचर/फर्निसिङ्ग तथा अन्य सामाग्रीहरु।

**समूह ग : छपाई तथा मसलन्द**

१. स्टेशनरी तथा फुटकर सामानहरु। २. छपाई सम्बन्धी कार्यहरु।
३. प्रि-प्रिन्टेड बैकिङ्ग स्टेशनरी, भिजिटिङ्ग कार्ड, आइडी कार्ड, स्ट्याम्प।
४. प्रिन्टर रिबन, टोनर, कार्टेज, मसी लगायत रिफिलिङ्ग सम्बन्धी कार्यहरु।

**समूह घ : मर्मत/सम्भार**

१. कम्प्यूटर, ल्यापटप, प्रिन्टर, सर्भर लगायत अन्य मर्मत। २. सवारी साधन मर्मत।
३. फर्निचर, धारा वाथरुमका सामान लगायत अन्य सम्पत्ति मर्मत।
४. जेनेरेटर, सिसिटिभी, एसी लगायत अन्य कम्प्युटर नेटवर्किङ, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सम्बन्धी उपकरणहरु मर्मत।

**समूह ङ : प्रवर्द्धन**

१. साइनबोर्ड, फ्लेक्स, होर्डिङ्ग बोर्ड सम्बन्धी सेवाहरु। २. विज्ञापन तथा प्रबर्द्धनात्मक कार्यक्रम सम्बन्धी सेवाहरु।

**समूह च : अन्य सेवाहरु**

१. संचार कुरियर सेवा। २. ईन्टरनेट सेवा। ३. बीमा सेवा-स्थीर सम्पत्ति, मार्गस्थ तथा नगद बिमा, सामुहिक दुर्घटना तथा स्वास्थ्य बिमा, सवारी साधन। ४. विभिन्न प्रकारका सफ्टवेयरहरु आपूर्ति। ५. परामर्श सेवा (इन्टेरियर, नेटवर्किङ, निर्माण सेवा) ६. तालीम हल, होटल तथा रेस्टुरेण्ट। ७. पत्रपत्रिका तथा पुस्तक ८. निर्माण तथा रंगरोगन सम्बन्धी सेवा।

**अन्य थप जानकारीहरु :**

१. सूचीकृत हुन निवेदन दिनेहरु मध्येबाट उपयुक्त ठहरिएका फर्म तथा कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ। त्यसरी सूचीकरण गर्दा पेश हुन आएको विवरण, क्षमता, अनुभव तथा दक्षतालाई आधार मानी गरिनेछ।
२. सूचीकृत भएका बिक्रेता, फर्महरुबाट वित्तीय संस्थाको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न पत्रमार्फत कोटेशन माग गरिनेछ र प्राप्त कोटेशनहरु मध्येबाट वित्तीय संस्थालाई उपयुक्त लागेको फर्म/कम्पनीलाई सामान आपूर्ति गर्नको लागि खरिद आदेश पठाइने छ।
३. सूचीकृत भएको जानकारी वित्तीय संस्थाको वेभसाइट www.nmbmicrofinance.com मा राखिनेछ साथै फोन वा इमेलबाट जानकारी गराईनेछ।
४. सूचीकृत भएका कम्पनी तथा फर्महरुले उपलव्ध गराएको बस्तु तथा सेवाहरु तोकिएको गुणस्तर एवं मापदण्ड बमोजिमको नभएमा वा कार्यसम्पादन शैली सन्तोषजनक नरहेमा उक्त कम्पनी तथा फर्मलाई बिना पूर्व सूचना बस्तु तथा सेवा उपलव्ध गराउने सूचीबाट हटाउन समेत सकिनेछ। यस उपर कुनै दावी बिरोध गर्न पाईनेछैन।
५. यस सम्बन्धी थप जानकारी आवश्यक परेमा वित्तिय सस्थाको टेलिफोन नं.: ०६१-४००४२७, ४००४२८, ४००४७७ Ext. No. २०४, २३४ शाखा संचालन तथा सामान्य सेवा विभागमा सम्पर्क गरि जानकारी प्राप्त गर्न सकिनेछ।
६. सूचीकरण गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार वित्तीय संस्थामा निहित रहनेछ।

**एनएमबि लघुवित्त वित्तीय संस्था लि.**
**NMB Laghubitta Bittiya Sanstha Ltd.**
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था" (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)

**केन्द्रीय कार्यालय : पोखरा-८, स्ट्रीट नं.३, जेनेक्स कम्प्लेक्स दोस्रो तल्ला, न्यूरोड, कास्की**